फिक्कल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

खाडसाङ, सिन्धुली

## सभाका सदस्यहरुको उपस्थिति माइन्यूट

बैठक संख्या:- १ | अधिवेशन:- १९ औं

मिति:-२०८३/०२/२८ गते बिहीबार | बैठकको अध्यक्षता:- पार्वती सुनुवार

समय:- दिउँसो १:०० बजे | बैठक स्थान:- फिक्कल गाउँपालिका, सभाहल

उपस्थिति:

| क्र.सं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | सभाध्यक्ष | पार्वती सुनुवार | |
| २ | उपाध्यक्ष | राजु बराल | |
| ३ | गाउँसभा सदस्य | होम बहादुर सुनुवार | |
| ४ | गाउँसभा सदस्य | शंकर बहादुर भण्डारी | |
| ५ | गाउँसभा सदस्य | टेक वहादुर रजन मगर | |
| ६ | गाउँसभा सदस्य | मोहन मगर | |
| ७ | गाउँसभा सदस्य | वैकुण्ठलाल पहाडी | |
| ८ | गाउँसभा सदस्य | कुलेन्द्र बहादुर मगर | |
| ९ | गाउँसभा सदस्य | लिल बहादुर सुनुवार | |
| १० | गाउँसभा सदस्य | पूर्णमाया थापा मगर | |
| ११ | गाउँसभा सदस्य | टिकामाया विश्वकर्मा | |
| १२ | गाउँसभा सदस्य | तारा विश्वकर्मा | |
| १३ | गाउँसभा सदस्य | सावित्रा कुमारी थापा मगर | सावित्रा |
| १४ | गाउँसभा सदस्य | मंगलादेवी तामाङ | मंगला |
| १५ | गाउँसभा सदस्य | कविता विश्वकर्मा | कविता |
| १६ | गाउँसभा सदस्य | गुणराज विश्वकर्मा | |
| १७ | गाउँसभा सदस्य | धन बहादुर आले मगर | |
| १८ | गाउँसभा सदस्य | मिना कुमारी वि.क. | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १९ | गाउँसभा सदस्य | देव बहादुर सुनुवार | |
| २० | गाउँसभा सदस्य | राजन बहादुर लुङ्गेली | |
| २१ | गाउँसभा सदस्य | तिलमाया श्रेष्ठ | |
| २२ | गाउँसभा सदस्य | ज्ञानेन्द्र तामाङ | |
| २३ | गाउँसभा सदस्य | पदम बहादुर कटुवाल | |
| २४ | गाउँसभा सदस्य | मन कुमारी वि.क. | |
| २५ | गाउँसभा सदस्य | देवीराज काफ्ले | |
| २६ | गाउँसभा सदस्य | सीता दमाई | |
| २७ | गाउँसभा सदस्य | पूर्णमाया भुजेल | |
| २८ | गाउँसभा सदस्य | यम बहादुर सुनुवार | |
| २९ | गाउँसभा सदस्य | जगत कुमारी वि.क. | |
| ३० | गाउँसभा सदस्य | आई बहादुर राई | |
| ३१ | गाउँसभा सदस्य | नारायण सिं तामाङ्ग | |
| ३२ | सचिव | डम्वरवहादुर रजनमगर | |

Scanned with CamScanner

समय- दिउँसो १:०० बजे

मिति- २०८३/०२/२८

बैठक संख्या- २

# १९ औं गाउँसभा (वर्षे अधिवेशनको) कार्यसूची

| क्र.स. | समय | कार्यसूची | कार्यसूची प्रस्तुत कर्ता | कैफियत |
|---|---|---|---|---|
| १ | दिउँसो १:०० बजे | अधिवेशन आह्वान गरेको पत्रको व्यहोरा सभामा वाचन | सभाका अध्यक्ष श्री पार्वती सुवार | |
| २ | | अधिवेशन शुभकामनाको मनतव्य | सभाका सदस्य श्री राजु बराल | |
| ३ | | बेरुजु सम्परीक्षण सम्वन्धमा | सभाका सदस्य श्री देविराज काफ्ले | |
| ४ | | आगामी आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम सभामा प्रस्तुत | सभाका अध्यक्ष श्री पार्वती सुनुवार | |
| ५ | | वार्षिक नीति तथा कार्यक्रम उपर छलफल प्रस्ताव | सभाका सदस्य श्री राजु बराल | |

.................................

डम्बरबहादुर रजनमगर

सदस्य सचिव

Scanned with CamScanner

अध्यक्ष श्री पार्वती सुनुवारले गाउँ सभाका उन्नाईसौं अधिवेशन

समक्ष पेश गर्नु भएको

आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

फिक्कल गाउँपालिका, सिन्धुली जिल्ला

बागमती प्रदेश, नेपाल

२०८३ साल जेठ २८ गते

Scanned with CamScanner

४. क्यान्सर लगायत नसर्ने रोग नियन्त्रणका लागि उपचार भन्दा रोकथाम, जनचेतना, नियमित परीक्षण र जीवनशैलीमा आधारित रणनीति कार्यान्वयन गरिनेछ ।

५. आयुर्वेद चिकित्साको लागि गाउँपालिका भित्र रहेको नागरिक आरोग्य केन्द्रलाई सुदृढीकरण गरि पञ्चकर्म, योग, ध्यान, शिरोधार्य थाफ लगायतको सेवालाई विस्तार गरिनेछ। गाउँपालिकाको नागरिक आरोग्य केन्द्र मार्फत निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन, विद्यालय आयुर्वेद शिक्षा तथा योग कार्यक्रम, जडिबुटीको पहिचान, उपयोगिता सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ।

६. गर्भवती महिलालाई सुत्केरी प्रयोजनार्थ नजिकको स्वास्थ्य संस्थामा लैजान निःशुल्क एम्बुलेन्सको व्यवस्थालाई निरन्तरता दिईनेछ । साथै स्वास्थ्य संस्थामा गर्भवती चेकजाँच गराउँदा प्रत्येक पटक १००० का दरले दिने यातायात तथा पोषण खर्चलाई निरन्तरता दिईनेछ ।

७. "मेरो स्वास्थ्य मेरो जिम्मेवारी" भन्ने नारालाई सफल पार्न स्थानीय नागरिक आरोग्य समिति, सबै वडामा नारिक आरोग्य समूह गठन गरी क्रियाशील बनाईनेछ । टोल-टोलमा सामुहिक रुपमा योग(आसन, प्राणायम, ध्यान) एवं सकरात्मक जीवनशैली सम्बन्धी प्रशिक्षण गरिनेछ।

८. स्थानीय जडिबुटी परिचय, प्रयोग, रोपण एवं संरक्षण सम्बन्धी अभियानमूलक कार्यक्रम संचालन गरी प्रत्येक नागरिकको बगैंचा, खेतबारी, करेसाबारी, गमलामा जडिबुटी रोपण गर्ने अभियान शुचारु गरिनेछ ।

९. वार्षिक रुपमा कम्तिमा एक पटक पालिका भित्र विभिन्न स्वास्थ्य संस्थाहरुसंगको सहकार्यमा विशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य सेवा शिविर संचालन गरिने व्यवस्था मिलाईनेछ ।

१०. आँखा उपचारलाई थप प्रभावकारी बनाउन विभिन्न सस्थाहरुसंगको सहकार्यमा वडास्तरसम्म विस्तार गरिदै लगिनेछ।

११. खाङसाङमा निर्मित फिक्कल मिनी ट्र्मा सेन्टरमा औजार उपकरण र औषधीको समेत व्यवस्थापन गरी फिक्कल अस्पतालको विस्तारित शाखाको रुपमा गुणस्तरीय सेवा सुचारु गरिनेछ ।

१२. सबै बर्थिङ सेन्टर र स्वास्थ्य संस्थालाई न्यूनतम सेवा मापदण्ड अनुरुप बनाउन आवश्यक व्यवस्था गरिनेछ। महिला स्वास्थ्य स्वयम् सेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याईनेछ ।

१३. "स्वस्थ दात सुन्दर मुस्कान" भन्ने नाराका साथ विभिन्न संघ, संस्था र निजि क्षेत्रको साझेदारीमा दन्त स्वास्थ्य सेवालाई पालिका भित्र उपलब्ध गराउने नीति लिईनेछ ।

१४. स्वास्थ्य कर्मीहरुलाई समय सापेक्ष सक्षम, दक्ष बनाई स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन सबै स्वास्थ्य कर्मचारीहरुलाई विषयगत तालिमको व्यवस्था मिलाईनेछ ।

१५. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारको लागि सार्वजनिक निकाय, निजी क्षेत्र, गैर सरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिईनेछ ।

१६. बालबालिकाहरुको आधारभूत खोप कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित बनाईने छ । खोप कार्यक्रमलाई समयबद्ध र अनिवार्य गराउन विद्यालय भर्ना गर्दा अनिवार्य खोप कार्डको व्यवस्था गर्ने नीति लिइनेछ। पूर्ण खोप सुनिश्चितता र दिगोपनालाई निरन्तरता दिईने छ।

१७. स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुन सबै नागरिकलाई अभिप्रेरित गरिने छ ।आर्थिक रुपले विपन्न, दलित, अपाङ्ग, जेष्ठ नागरिक, सीमान्तकृत, लोपोन्मुखहरुलाई अनिवार्य स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध भए वापत प्रिमियममा सहायता दिईनेछ ।

१८. स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाईहरुलाई आवश्यक समायोजन गरी थोरै कर्मचारीको उपस्थितिमा धेरै स्वास्थ्य प्रवाह गर्ने नीति लिइनेछ ।साथै हाल संचालनमा रहेका सामुदायिक स्वास्थ्य इकाईहरुलाइ दक्ष जनशक्ति सहित निरन्तरता दिइने छ ।

१९. फिक्कल अस्पताल र स्वास्थ्य चौकीहरु मार्फत दीर्घरोगीहरुको स्वास्थ्य जाँच घर दैलोमै गर्ने र रोगीहरुले खाने औषधी घरदैलोमैं उपलब्ध गराउने व्यवस्था मिलाइने छ । उक्त कार्यलाई प्रविधिमैत्री बनाउन डिजिटल स्वास्थ्य अभिलेख कार्यक्रमको शुरुवात गरिने छ ।

२०. राजमार्गमा हुने सडक दुर्घटनामा परेका व्यक्तिहरुलाई अस्पतालसम्म पुर्‍याउनको लागि निःशुल्क एम्बुलेन्सको व्यवस्था मिलाईने छ । खाङसाङमा रहेको मिनी ट्र्मा सेन्टरमा प्राथमिक उपचार पश्चात थप उपचारको लागि फिक्कल अस्पतालसम्म विरामी लान सहुलियतमा एम्बुलेन्स सेवा उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।



पार्वती सुनुवार
अध्यक्ष

Scanned with CamScanner

२१. रेविज विरुद्धको खोप अभियान संचालनको लागि स्वास्थ्यकर्मीहरुलाई क्षमता अभिवृद्धि तालिमको व्यवस्थापन गरी फिक्कल अस्पतालबाट सहज र सुलभ किसिमले प्रवाह गरेको सेवालाई निरन्तरता दिईनेछ।

२२. सुरक्षित मातृत्व, खोप, पोषण र रोग नियन्त्रणका लागि विशेष कार्यक्रम संचालन गरिनेछ। पाठेघरको मुखको क्यान्सर रोकथामका लागि निःशुल्क स्क्रिनिङ्ग कार्यक्रम संचालन गरिनेछ। पाठेघरको मुखको क्यान्सर विरुद्धको खोपबाट कुनै पनि किशोरी नछुट्ने व्यवस्थाको लागि विद्यालयमा खोप कार्यक्रम संचालन गरिनेछ ।

२३. पोषणमैत्री स्थानीय शासन अभियानमा बहुक्षेत्रीय पोषण तेस्रो योजनाले लिएको उद्देश्य पूरा गर्न सबै पोषणमैत्री स्वास्थ्य संस्थाहरूको दिगोपना योजना निर्माण गरी पोषणमैत्री स्वास्थ्य संस्था सुनिश्चितता र दिगोपनालाई निरन्तर अगाडि बढाईने नीति लिईनेछ ।

२४. नेपाल सरकारको साझेदारीमा "म स्वस्थ्य मेरो सामुदाय स्वास्थ्य" कार्यक्रम संचालन मार्फत नागरिकलाई समुदायको समग्र स्वास्थ्यमा संवेदनशील र जिम्मेवार बनाई स्वस्थ समाजको निर्माणमा जोड दिईनेछ ।

२५. महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रदान गरिदै आएको मासिक यातायात खर्च एकमुष्ट पाँच हजार पुर्‍याईने छ ।

**ख शिक्षा**

२६. शिक्षा क्षेत्रको संस्थागत संरचना, गुणस्तर लगायत समग्र विकासलाई प्राथमिकताको आधारमा विकास गर्न आवधिक शिक्षा योजना तर्जुमा गरी कार्यान्वियन गरिनेछ ।

२७. बालबालिकाको शैक्षिक गुणस्तरका लागि भन्दै शैक्षिक पलायन, शैक्षिक बसाईसराईलाई न्यूनीकरण गर्न मन्टेश्वरी प्रणालीको आधुनिक गुणस्तरीय सिकाई कक्षा संचालन गरिनेछ ।

२८. शिक्षकको पेशागत विकास, अभिलेख व्यवस्थापन, उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

२९. अनिवार्य तथा निःशुल्क शिक्षा गाउँपालिका घोषणा भई कार्यान्वियन भएकोले सबै बालबालिकालाई शिक्षाको पहुँच सुनिश्चित गर्न समता रणनीति कार्यान्वयन योजना बनाई लागु गरिनेछ । विद्यालयबाट भौगोलिक दुरता लगायतका कारण शैक्षिक वातावरणमा विद्यार्थीलाई क्रियाशिल बनाउन साथै विद्यार्थीको सिकाई अवधि बढाउन मा.वि. र नि.मा.वि. तहमा अतिरिक्त कक्षा संचालन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३०. सामुदायिक विद्यालयमा शिक्षक बिधार्थी अनुपात वैज्ञानिक आधारमा दरवन्दी मिलान गरी शिक्षक अभाव हुन नदिने व्यवस्था मिलाइने छ .।

३१. विद्यार्थीको विद्यालय निरन्तरताका लागि अभिभावक शिक्षा सचेतना कार्यशाला संचालन गरिनेछ।साथै अभिभावक परामर्श कार्यक्रम सञ्चालन गरिने छ ।

३२. स्थानीय पाठ्यक्रमलाई आफ्नो परिवेश अनुकूल वनाउन थप अध्ययन, परिमार्जन र अद्यावधिक गरि पाठ्यक्रम बमोजिम पठनपाठन कार्यान्वयनको नियमिति अनुगमन गरिनेछ। पोषणमैत्री तथा बालमैत्री स्थानीय शासनको विषयमा अभ्यापन गराउने बालविकास सहजकर्ता र शिक्षकलाई अभिमूखीकरण गरी बालबालिकालाई पोषण तथा बालमैत्री संवेदनशील सिकाई प्रदान गरिनेछ ।

३३. सामुदायिक विद्यालयमा उपलब्ध सूचना तथा प्रविधि स्रोतलाइ उपयोग गर्दै डिजिटल साक्षरता तालिममा SEE दिएर बसेका विद्यार्थी तथा स्थानीय नागरिकहरुलाई समेत समेटी प्रविधिमैत्री समाज निर्माण गर्ने नीति लिईनछ ।

३४. सामुदायिक विद्यालयका शिक्षकहरुलाई क्षमता र व्यवसायिक बनाउन क्रमशः मागमा आधारित तालिम तथा सिकाईका अवसरहरु विस्तार गर्दै लगिनेछ । साथै शिक्षकहरु प्रविधिमैत्री वनाउन डिजिटल साक्षरता कार्यक्रम संचालन गरिने छ ।

३५. फिक्कल गाउँपालिका अन्तर्गतको शैक्षिक संस्थाहरुमा स्थानीय पाठ्यक्रम मार्फत स्थानीय परिवेशका मौलिक ज्ञानको साथै जीवनोपयोगी सीप, उद्यमशीलता र नैतिक शिक्षा सहितको गुणस्तरीय शिक्षा प्रदान गरिदै लगिनेछ ।

३६. दलित,अल्पसंख्यक तथा आर्थिक र सामाजिक रुपमा पछि परेका विद्यार्थीलाई विद्यालय तथा सम्वन्धित वडाका वडाअध्यक्षको सिफारिसमा आवश्यक शैक्षिक सामाग्री गाँउपालिकाले व्यवस्था गर्ने प्रवन्ध मिलाइनेछ ।

३७. विद्यालय भर्ना हुने समय पुगेका बालबालिकाहरुको भर्ना दरलाई शत प्रतिशत पुर्‍याउने गरी कार्यक्रम ल्याइनेछ।

पार्वती सुनुवार
अध्यक्ष



Scanned with CamScanner

३८. परम्परागत स्थानीय ज्ञान, सीप तथा कलालाई अभिलेखीकरण गरी सीप बैंकको कार्य शुरुवात गरि विद्यालयका विद्यार्थीहरुलाई आदान प्रदान गरिनेछ ।

३९. विद्यालय, अभिभावकको समेत साझेदारीमा पूर्ण आवसीय र आंशिक(दिवा) आवसीय विद्यालयको रुपमा विकास गरि शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने नीति लिइनेछ ।

४०. प्रश्नपत्र र उत्तर पुस्तिका व्यवस्थापन सहित विद्यालयको परीक्षा सञ्चालन प्रणालीलाई थप व्यवस्थित बनाईने छ ।

४१. सिकाईलाई व्यवस्थित गर्न आन्तरिक मूल्याङकनलाई प्रभावकारी बनाउन बिषयगत शिक्षकहरुको कार्यशाला सञ्चालन गरिनेछ।

४२. सबै सामुदायिक विद्यालयहरुमा नेपाल सरकार तथा प्रदेश सरकारको समेत साझेदारीमा खेल मैदान व्यवस्थापन, घेराबेरा लगायत भौतिक संरचनाको मर्मत संभार र निर्माण गर्न पहल गरिनेछ ।

४३. विद्यालय शिक्षामा शैक्षिक गुणस्तर अभिवृद्धिमा अभिभावकको संलग्नता बढाउन र अभिभावकलाई क्रियाशील बनाउन अभिभावक सचेतना कार्यशाला सञ्चालन गरिनेछ ।

४४. नमुना विद्यालय विकासको लागि अन्य सरकारी, गैर सरकारी संघ सस्था संग समन्वय गरिनेछ।

४५. बालबगैंचा, करेसाबारी निमार्ण तथा हरित विद्यालय निमार्ण तथा पोषण सप्ताह सबै विद्यालयमा सचालन गरिनेछ।

४६. गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा सिक्दै-कमाउदै, कमाउदै-सिक्दै कार्यक्रम सचालन गरि विद्यार्थीहरुलाई उद्यमशील बनाउने नीति लिईनेछ ।

४७. विधालयहरुमा खेल, योग, संगित र नृत्य सिकाउन घुम्ति शिक्षकको व्यवस्था गरिने छ ।

४८. सामुदायिक विधालयका शिक्षकहरुलाई सम्बन्धित विषयको शिक्षण सिकाई तालिम कार्यक्रम सचालन गरिने छ ।

४९. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, विद्यालय-विद्यालयबीचको सिकाई आदानप्रदान गर्न र प्रतिस्पर्धी बनाउन पालिकास्तरीय र वडास्तरीय रुपमा शैक्षिक प्रदर्शनी, शैक्षिक मेला र अतिरिक्त क्रियाकलापको प्रतिस्पर्धाका कार्यक्रमहरु संचालन गरिनेछ।

५०. विद्यालय शिक्षकको आफ्नो ज्ञान, सीपको आदान प्रदान गर्न वडास्तर र पालिकास्तरमा विषयगत शिक्षकहरुको नियमित बैठक, अन्तरक्रिया गर्ने परिपाटीको थालनी गरिनेछ ।

५१. विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालनका लागि बजेटको व्यवस्थापन गरिनेछ । नेपाल सरकारबाट प्राप्त हुने विद्यालय संचालन खर्चको न्यूनतालाई मध्येनजर गरी SEE, अन्य परीक्षा, विद्यार्थी संख्या लगायत समग्र गुणस्तर र सूचकको आधारमा पालिकाबाट थप संचालन खर्च दिने व्यवस्था मिलाईने छ ।

५२. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षकहरुको पेशागत क्षमता अभिवृद्धि गर्नका लागि आधारभूत शिक्षक तालिम, बालबिकास सहजकर्ताहरुलाई पेशाप्रति दक्ष र जवाफदेही बनाउनको लागि छोटो अवधिका लागि तालिम संचालन गर्ने, शिक्षकहरुको कार्यसम्पादन करार व्यवस्थापन गरिनुका साथै शिक्षक दरबन्दी कम भएका तथा विद्यार्थी संख्या बढी भएका विद्यालयहरुलाई शिक्षक व्यवस्थापन अनुदान दिने व्यवस्था विशेष जोड दिईनेछ ।

५३. प्रारम्भिक बाल विकास केन्द्रलाई विद्यालय शिक्षाको मूल आधारको रुपमा थप विकसित र स्तरोन्नति गरिनेछ ।चार वर्ष उमेर पुगेका बालबालिकाहरुलाई अनिवार्य बाल सिकाई केन्द्रमा भर्ना गरिनेछ ।

५४. विद्यालयहरुमा सूचना प्रविधिको प्रयोगमा जोड दिनुका साथै सम्पूर्ण सामुदायिक विद्यालयहरुमा द्रुत गतीको ईन्टरनेटको व्यवस्था मिलाइनेछ ।

५५. समय समयमा प्र.अ.हरुको घुम्ती बैठक संचालन गरी विद्यालयको नियमित निरीक्षण तथा सुपरीवेक्षण गर्ने र शिक्षकहरुलाई आवश्यक पेशागत सहयोग उपलब्ध गराईनेछ ।

५६. शैक्षिक क्यालेन्डर निर्माण गरी सबै विद्यालयका सम्पूर्ण क्रियाकलापहरुमा एकरुपता हुनेगरी व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

५७. पालिकास्तरीय अतिरिक्त क्रियाकलापहरुको संचालन गरी विद्यार्थीहरुको शारीरिक, मानसिक तथा बौद्धिक विकास गर्न साथै सिकाईमा प्रतिस्पर्धात्मक भावनाको विकास गरिनेछ ।

५८. बाल विकास सहजकर्ताहरूको पारिश्रमिकलाई न्यूनतम पारिश्रमिक सिमा भन्दा कम नगर्ने गरी बजेटको व्यवस्थापन गरिने छ ।

**ग खानेपानी, सरसफाई र स्वच्छताः**



पार्वती सुनुवार
अध्यक्ष

Scanned with CamScanner

५९. गाउँपालिका भित्रका सम्पूर्ण वडाका घरधुरी र संस्थाहरूमा स्वच्छ खानेपानीको दिगो विकास र पूर्ण सरसफाई कार्यक्रम सञ्चालन गरी स्वच्छ सफा फिक्कल बनाईने छ ।

६०. घरायसी, संस्थागत एवम् वातावरणीय सरसफाइ प्रवर्द्धनका लागि वातावरण तथा सरसफाइ कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइने छ

६१. पानी गुणस्तरप्रति सार्वजनिक विश्वास कायम गर्न पानी परीक्षण कार्यलाई नियमित गरिनेछ ।

६२. प्राकृतिक स्रोतको संरक्षण तथा वर्षातको पानी संङ्कलन कार्यलाई प्राथमिकता दिईनेछ ।

६३. सबै नागरिकलाई स्वच्छ र गुणस्तरीय खानेपानी सेवाको उपलब्धता सुनिश्चित गरिनेछ । खानेपानी र सरसफाई क्षेत्रमा दिगो विकास लक्ष्य हासिल गर्नका लागि लगानी वृद्धि, सेवा दक्षता, प्रभावकारीता र सुशासन कायम गरिनेछ । भूमिगत पानी स्रोतको पुनर्भरणलाई प्राथमिकता दिईनेछ ।

६४. गाउँपालिका भित्र सञ्चालन हुने खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका क्रियाकलाप र कार्यक्रमहरुमा दोहोरोपना हटाउनुका साथै प्रभावकारिता वृद्धि गर्नका लागि खानेपानी, सरसफाई तथा स्वच्छता योजना (Wash Plan) लाई नियमित अद्यावधिक गरी कार्यान्वयनमा ल्याइने छ ।

६५. पूर्ण सरसफाई प्रवर्द्धनमा वडा, टोल विकास संस्थाहरु र स्थानीय समुदायको सहभागिता वृद्धि गरी पूर्ण सरसफाईलाई जीवन संस्कारको रुपमा विकास गर्न सरसफाई नमुनाटोल निर्माणमा जोड दिइने छ र सोका लागि पूर्ण सरसफाई टोल विकास निर्देशिका बनाई लागु गरिनेछ ।

६६. सरसफाइको लागि मानिसहरुको बानी व्यवहारमा आमूल परिवर्तन गर्न गाउँपालिका क्षेत्रभरी जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

६७. संस्थागत सरसफाई (विद्यालय/बालविकास केन्द्र र मुख्य गरी स्वास्थ्य संस्थाहरुमा) खानेपानी, सरसफाई र स्वच्छता (साबुन पानीले हात धुने र महिनावारी स्वच्छता) सुविधा सुनिश्चित गर्न आवश्यकता अनुसार पूर्वाधार निर्माण गर्ने, प्रयोगमा नआएका पूर्वाधारलाई मर्मत सम्भार गर्ने र नियमित सेवामा पहुँच सुनिश्चित गर्न सेवा प्रदायक संस्थाहरुलाई पुरस्कारको व्यवस्था गर्ने र समुदाय स्तरमा सरसफाई र स्वच्छता अभियान सञ्चालन गर्न सामाजिक नियमहरु बनाई अभियानको रुपमा लागु गरिनेछ ।

६८. टोल विकास संस्थाहरुलाई सरसफाई पुरस्कारको व्यवस्था मिलाईनेछ । टोल विकास संस्थाहरुले आफ्नो टोलको घरधुरीहरुलाई सरसफाईमा संलग्न गराई सोको अनुगमन मूल्याङ्कन गरी घरधुरीहरुलाई उचित सरसफाई पुरस्कार गर्न सक्ने व्यवस्था समेत मिलाईनेछ ।

६९. खानेपानी योजनाहरु विकास साझेदार संस्था र स्थानीय सस्थाहरुको समन्वय र सहयोगमा सचालन गरिने छ ।

७०. गाउँपालिका केन्द्र रहेको खाङसाङवेशीलाई वृक्षारोपण गर्ने, प्राईम कमर्सियल बैंकको साझेदारीमा सडक पेटीमा फोहोर राख्ने डस्बिन व्यवस्थापन गर्ने, फुल रोपण सहितको सौन्दर्यीकरण गरी वातावरणमैत्री बस्तिको रुपमा विकास गरिनेछ ।

७१. एक घर एक धाराको नीतिलाई निरन्तरता दिईने छ । सबै घरमा चाङ, जुठ्यान निर्माण गर्ने, कुहिने र नकुहने फोहोरको छुट्टाछुट्टै व्यवस्थापन गर्ने गरी सफा र सुन्दर गाउँपालिका बनाउने व्यवस्था मिलाईने छ।

७२. सार्वजनिक पूर्वाधार, विद्यालय, स्वास्थ्य संस्था, ट्रमासेन्टर र राजमार्ग क्षेत्रमा सुरक्षित पिउने पानी तथा अपाङ्गमैत्री सरसफाई पूर्वाधार विस्तार गरिनेछ ।

### घ सामाजिक सुरक्षा/समावेशीकरण र गरिबी निवारण

७३. गाउँपालिका क्षेत्रभित्र अशक्त, अपाङ्गता भएका व्यक्ति, छोराछोरीबाट अपहेलित, उपेक्षित वर्ग एवं आर्थिक रुपले विपन्न भई खान लाउन समेत नपाएका व्यक्तिलाई अल्पकालीन रुपमा निःशुल्क खाना, कपडा र आवासको व्यवस्था मिलाई स्थानीय सरकार रहेको अनुभूति दिलाईनेछ ।

७४. लैंगिक विभेदमा परेका र पारिएका वर्गको उत्थान, सास्कृतिक, आर्थिक, सामाजिक समुन्नतिका लागि विशेष प्राथमिकता दिईनेछ ।

७५. सबै वर्गहरुलाई समेट्ने गरि लैंगिक उत्तरदायी बजेट बनाईनेछ ।

७६. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, हिंसा, छुवाछुत गर्ने व्यक्तिलाई तत्कालै कानूनी उपचारको पहल गरिनेछ । साथै विद्यालय स्तरमा पनि यस सम्वन्धी जनचेतना अभियान सञ्चालन गरिनेछ ।

पार्वती सुनुवार
अध्यक्ष



Scanned with CamScanner

७७. बाल विवाह, सामाजिक कुरीति, उमेरको अनमेल विवाह तथा विभेदलाई न्यूनीकरण गर्न विद्यालयस्तर र वडा स्तरबाट नै सचेतनामूलक कार्यक्रम गरिने छ ।

७८. सबै वडामा गठन भएका बाल क्लव तथा सञ्जालहरुको क्षमता विकासका लागि बाल क्लब तथा सञ्जाललाई क्षमतायुक्त बनाउन अवलोकन भ्रमण तथा तालिमको व्यवस्था मिलाउदै लगिनेछ ।

७९. जोखिममा रहेका, अविभावक विहीन बालबालिकाको संरक्षणका लागि सामाजिक सुरक्षा सहायता सहित वैकल्पिक स्याहारका कार्यक्रम संचालन गर्ने कार्यको थालनी गरिनेछ ।

८०. गरिबी निवारण कोषलाई थप उत्पादनमूखी क्षेत्रमा परिचालन गरी कोषको सही क्षेत्रमा चलायमान बनाउन सहकारी मोडेलमा संचालन गरिनेछ ।

८१. बाल विवाहको रोकथाम तथा अन्त्यका लागि बालिका लक्षित शैक्षिक सहायता, बीमा, बचत कार्यक्रम क्रमशः लागु गर्दै सचेतनामूलक अभियान संचालन गरिनेछ ।

८२. युवा, महिला तथा लक्षित समुदायहरुको क्षमता विकास सम्बन्धी कार्यलाई प्राथमिकता दिईने छ ।

८३. महिला तथा विपन्न वर्गको शसक्तीकरणका लागि आवश्यक सीपमूलक तथा उद्यमशीलता तालिम संचालन गरी रोजगारीको अवसरमा सहभागी गराईनेछ ।

८४. महिला, बालबालिका, युवा, पछाडि पारिएका, आदिवासी/जनजाति, दलित, अपाङ्गता भएका व्यक्ति, लैंगिक अल्पसंख्यक, सीमान्तकृत, क्षमता विकास तथा सीप विकासका जेष्ठ नागरिकहरुको सम्मान, लागि सीपमूलक एवं चेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ।

८५. अठार वर्ष भित्रका आमा वा बुवा गुमाएका बालवालिकालाई दोहोरो नपर्ने गरी पोषण भत्ता वा पोषण सामाग्री र विद्यालय उमेरका यस्ता विद्यार्थीहरुलाई शैक्षिक सामाग्री उपलब्ध गराईने छ।

८६. युवालाई तालिम दिन उद्यमशीलता विकास कोष स्थापना गरी साझेदारीहरु समेतको सहभागितामा रचनात्मक उद्यम विकास कार्यक्रम संचालन गरिनेछ ।

८७. जेष्ठ नागरिक परिचय पत्र बितरण तथा सम्मान कार्यक्रमलाई थप परिमार्जन सहित निरन्तरता दिईनेछ ।

८८. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरी महिला तथा युवाहरुलाई मागमा आधारित तालिमको व्यवस्था मिलाइनेछ ।

८९. सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई वडा र टोलबाट नै वितरण गर्ने कार्यलाइ थप सहज र प्रभावकारी बनाइनेछ ।

९०. सामाजिक व्यवहार परिवर्तनका लागि सूचना तथा संचार अभियान संचालन गरिनेछ ।

९१. गाउँस्तरीय सौंस्कृतिक केन्द्रको स्थापना गरी कला साहित्यको जगेर्ना तथा बिकास गरिनेछ।

९२. "विकृति, विसंगति हटाऔं, सभ्य समाज बनाऔं" सभ्य नागरिक समाज सचेतना कार्यक्रम तथा सडक मानवमुक्त गाँउपालिका कार्यक्रम तय गरिनेछ ।

९३. बालश्रमको अन्त्य गरी सडक बालबालिकामुक्त पालिका घोषणा गरिने छ ।

९४. समुदायमा व्यक्तिगत घटना दर्ताको महत्वबारे व्यापक जनचेतना फैलाउने उद्देश्यले वडास्तरीय गोष्ठी, छलफल तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। साथै, रेडियो, टेलिभिजन, पत्रपत्रिका र सामाजिक सञ्जाल मार्फत निरन्तर सूचना प्रवाह गरिनेछ।

९५. विद्यालयस्तरमा शिक्षकहरूलाई लक्षित गरी व्यक्तिगत घटना दर्ताको महत्वबारे अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९६. घटना दर्ता प्रक्रियालाई सहज, सरल र पहुँचयोग्य बनाउन वडा कार्यालयहरूमा आवश्यक जनशक्ति, उपकरण र प्रविधिको व्यवस्था गरिनेछ। दुर्गम तथा पहुँच नभएका स्थानहरूमा लक्षित गरी घुम्ती दर्ता सेवा सञ्चालन गरिनेछ।

९७. पञ्जिकाधिकारी तथा सम्बन्धित कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि नियमित रूपमा तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

९८. स्वास्थ्य संस्था, विद्यालय, प्रहरी तथा अन्य सरोकारवाला निकायहरूसँग समन्वय गरी सूचना आदान—प्रदानलाई प्रभावकारी बनाइनेछ।

९९. वडामा गठन गरिएको गुनासो सुनुवाइ समितिलाई सक्रिय बनाई लाभग्राहीहरूको गुनासोलाई समयमै समाधान गरिनेछ।



पार्वती सुनुवार
अध्यक्ष

Scanned with CamScanner

१००. स्वेच्छाले भत्ता नलिने लाभग्राहीहरूको नाम सम्मानपूर्वक प्रकाशन गरी पालिकाद्वारा सम्मान गरिनेछ। नयाँ लाभग्राही दर्ता प्रक्रिया पारदर्शी, तथ्यपरक र प्राथमिकताको आधारमा गरिनेछ।

**(घ) रोजगारी तथा मानव संशाधन विकास**

१०१. गाउँपालिका क्षेत्र भित्र रहेका बेरोजगारीहरुको सूची बनाई क्रमशः उत्पादनमूलक, उद्योगमूलक तथा सामाजिक निर्माण कार्यमा परिचालन गर्ने गरी कार्य गरिने छ ।

१०२. वैदेशिक रोजगार सम्बन्धी सर्वेक्षणको माध्यमबाट समग्र पालिकाको अवस्था झल्कने पार्श्व चित्र तयार गरी युवा लक्षित कार्यक्रम तथां बजेट तर्जुमाको आधार तयार गरिनेछ ।

१०३. गाउँपालिकामा बेरोजगार एवं क्षमतावान युवा युवतीलाई प्रतिस्पर्धात्मक क्षेत्रमा सफल बनाउन रोजगार सेवा केन्द्रलाई रोजगारीका सूचनालाई एकै स्थानमा उपलब्ध हुने गरी पेज सञ्चालन गरिनेछ।

१०४. श्रम गर्ने संस्कृतिको विकास गर्दै श्रमलाई सम्मान गर्ने परिपाटीको विकास गरिनेछ। फिक्कल विकास स्वयंसेवक कार्यक्रम मार्फत सार्वजनिक पोखरी, फुटट्रेल, नदि तटबन्ध, वृक्षारोपण जस्ता सार्वजनिक विकासका कार्यमा श्रमदान गर्ने अभियान सन्चालन गरिने छ ।

१०५. युवालाई आर्थिक र सामाजिक रुपान्तरणको प्रमुख बाहकको रुपमा परिचालन गरि युवामा स्वयमसेवी र सदाचार भावको विकास गरिनेछ ।

१०६. विदेशबाट फर्किएका सीपयुक्त नागरिकहरुको अनुभव, क्षमतालाई परिचालन हुने गरि स्थानीय स्तरमा कृषि पशुपालन, खेलकुद विकास निर्माणका अन्य कार्यमा प्रयोगमा ल्याईने छ ।

१०७. फिक्कल गाँउपालिका घर भइ विदेश रहनु भएकाहरुको तथ्याङ्क संकलन प्रशोधन गरी गाउँपालिका भित्र लगानी गर्न सक्ने वातावरणको अध्ययन गरिनेछ ।यस गाउँपालिका भित्रका युवाहरुको स्थितिपत्र प्रकाशन गरी युवामैत्री गाउँपालिकाको अवधारण अगाडी वढाई युवाको पालिका कार्यक्रम संचालन गरिनेछ ।

१०८. वैदेशिक रोजगारीमा जाने युवायुवतिहरुलाई वित्तीय साक्षरता, श्रम स्वीकृतिको लागि online सेवामा online form enrollment data प्रविष्टि र सीपमुलक तालिमको व्यवस्था गर्दै लगिनेछ।

१०९. गैर सरकारी संस्थाहरुको साझेदारीमा विविध जनचेतना, विकास निर्माण, कृषि, पशुपालन जस्ता कार्यमा सहकार्य गरी स्थानीय बासीलाई संलग्न गराउने गरी परिचालन गर्न नीति लिईनेछ।

११०. फिक्कल गाँउपालिका भित्रका वासिन्दा वैदेशिक रोजगारीको सिलसिलामा मृत्युबरण हुन पुगेका नागरिकको शव ल्याउन सहायता गर्ने कार्यलाई थप प्रभावकारी बनाईने छ ।

१११. श्रम तथा श्रमिकको मर्यादा अभिवृद्धि तथा आन्तरिक रोजगार प्रर्वद्धनमा जोड दिईनेछ ।

११२. रोजगारी सिर्जना र प्रवर्द्धनमा अन्तर तह, अन्तर निकाय र निजी क्षेत्र सँग बहुपक्षीय साझेदारी तथा समन्वय गरिनेछ ।

११३. कार्यस्थलमा श्रमिकहरुलाई आवश्यक पर्ने आधारभूत तालिमको व्यवस्था गरिनेछ ।

११४. आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशीलता प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

११५. गाउँपालिका भित्र परम्परागत तथां आधुनिक ज्ञान, सीप भएका जनशक्तिको अभिलेखीकरण र प्रमाणिकरण गरिने छ ।

११६. पुर्खाको भूमि, दीर्घ स्मृती कार्यक्रम मार्फत् स्थायी वा अस्थायी रुपमा आफ्नो थातथलोबाट अन्यत्र रहनु भएका नागरिकहरुलाई आवद्ध गराई सार्वजनिक कल्याणकारी भौतिक संरचना(चौतारा, पाटी, मन्दिर,गुम्वा, पँधेरो आदि)निर्माणमा योगदान गर्न अभिप्रेरित गरिने छ।

११७. स्थानीय सिप विकास बैङ्कको स्थापना गरिनेछ ।

युवा तथा खेलकुद

११८. शारीरिकरुपमा सुगठित नागरिक उत्पादनका लागि गाउँपालिका स्तरीय खेलकुद विकास समिति मार्फत खेलकुद क्यालेण्डर निर्माण गरी विविध विधाको खेलकुद प्रतियोगिताहरु आयोजना गरिने छ ।

पार्वती सुनुवार
अध्यक्ष

११९. गाँउपालिका भित्रका सबै वडामा कम्तिमा एउटा आधारभूत खेल मैदानको विकास गरी फुटवल, भलिवल, क्रिकेट, ब्याडमिन्टन, कराँते, रग्बी तथा अन्य साहसिक खेलहरुलाई प्रोत्साहन गरिनेछ। साथै सम्भाव्यता अध्ययन गरी विभिन्न साहसिक खेलहरुको प्रतियोगिता संचालन गरी खेलकुदको माध्यमद्धारा पर्यटन प्रवद्धन गरिने छ ।

१२०. युवाहरुलाई खेलकुदमा आकर्षित गर्न अध्यक्ष फुटवल कप, उपाध्यक्ष भलिवल कप र राष्ट्रपति रनिङ्ग शिल्ड जस्ता खेलकुद प्रतियोगिता आयोजनालाई निरन्तरता दिइनेछ ।

१२१. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकुदमा भाग लिने गाउँपालिका क्षेत्र भित्रका उत्कृष्ट खेलाडी तथा जित हाँसिल गराउन सहयोग पुर्याउने प्रशिक्षकहरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाईने छ ।

१२२. गाउँपालिका स्तरीय खेल मैदान तयारका लागि विस्तृत सम्भाव्यता अध्ययन गरी आगामी आर्थिक वर्ष भित्र पुरा गर्न सहकार्यका आधारमा निर्माण गर्न पहल गरिनेछ।

१२३. विद्यालय तथा समुदायबाट खेलाडी पहिचान, सम्मान तथा क्लब दर्ता कार्यलाई निरन्तरता दिई अन्तर वडा स्तरीय प्रतियोगिता सञ्चालन गरिनेछ । खेलकुद प्रतियोगिताका माध्यमबाट फिक्कललाई राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा पहिचान गराउने प्रयास गरिनेछ ।

१२४. रचनेथाममा रहेको फिक्कल खेलमैदानलाई आवश्यक व्यवस्थापन गरी पूर्ण संचालन गरिने छ। साथै गाँउपालिकको झगरेबेसीमा कभर्डहल निर्माण कार्यको शुरुवातको लागि अन्य निकायको सहकार्य, समन्वयमा संचालन गर्ने गरी कार्य अघि बढाइनेछ ।

१२५. विपद् व्यवस्थापनमा युवाका महत्वपूर्ण भूमिका हुने भएकोले प्रत्येक वडाबाट बढीभन्दा बढी यूवालाई स्वयंसेवक दलमा आवद्ध गरी विपद् व्यवस्थापन तालिम दिई विपदको समयमा परिचालन गरिनेछ ।

१२६. गाउँपालिका क्षेत्रभित्रका माध्यमिक विद्यालयहरुमा खेल शिक्षकहरुको व्यवस्था गर्दै लगिनेछ। स्काउट र जुनियर रेडक्रस सोसाईटी मार्फत स्वंय सेवक शिक्षकहरुको व्यवस्था गर्दै लगिनेछ । रग्बी खेललाई प्रोत्साहन गर्न जिल्लास्तरीय रग्बी खेल सतियोगिता गराइने छ।

१२७. फिक्कल गाउँपालिका भित्र सम्भाव्यता रहेका खाली चउरहरुलाई खेल मैदानमा बिस्तार गरिदै लगिने छ ।

१२८. परम्परागत खेलहरुको अभिलेखीकण गरिने छ ।परम्परागत खेलको जगेर्ना र प्रवर्द्धन गर्न विद्यालयस्तरमा खेल शिक्षा र प्रतियोगिताको आयोजना गरिनेछ ।

१२९. गाउँपालिकामा रहेका क्लबमा आवद्ध खेलाडीहरुलाई आवश्यक्ता अनुसार खेल सामाग्री तथा खेलाडी ड्रेस वितरण गरिने छ ।

१३०. फिक्कल गाउँपालिकाका सबै वडाहरु र मुख्य वस्तिहरु नजिक पायक पर्ने स्थानमा सामुहिक जिम हाउस, पार्क सहितको खुला व्यायम स्थल, कवर्डहल निर्माण गरिनेछ ।

न्यायिक समिति

१३१. मेलमिलापकर्ता, जनप्रतिधिहरुका लागि क्षमता अभिवृद्धिको कार्यक्रम अगाडि बढाइनेछ।

१३२. विवाद निरुपण तथा मेलमिलापको लागि समुदाय स्तरमा कार्यक्रम बनाई लागु गरिने छ ।

१३३. मेलमिलापकर्ताहरुको पहिचान हुने खालको पोशाक र लोगोको व्यवस्था साथै मेलमिलाप केन्द्रलाई व्यवस्थित गरिने छ ।

१३४. कानूनी परामर्शदाताको व्यवस्था गरिनेछ ।

१३५. न्यायिक समितिलाई सवल र सक्षम बनाउन सहयोग गरिनेछ ।

१३६. मनोपरामर्शकर्ताको उत्पादन तथा क्षमता बृद्धि गरिनेछ ।

१३७. मनोपरामर्शदाताहरुले सेवा प्रदान गरेवापत उनीहरुलाई प्रोत्साहन गरिनेछ ।

१३८. सिकाई आदन प्रदानको लागि अध्ययन अवलोकन भ्रमण कार्य संचालन गरिने छ ।

१३९. माध्यामिक विद्यालयहरुमा न्यायिक अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

पार्वती सुनुवार
अध्यक्ष



Scanned with CamScanner

१४०. विपन्न उजुरीकर्ताहरु न्यायको पहुँच सुनिश्चित गर्नको लागि सम्बन्धित निकायसम्म पुग्नको लागि यातायात खर्च दिने कार्यलाई निरन्तरता दिईनेछ ।

१४१. अन्तर पालिका न्यायिक समितिको अनुभव र सिकाई आदानप्रदान गर्नको लागि जिल्लास्तरीय न्यायिक मञ्च भेलाको आयोजना गरिने छ ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक**

१४२. जेष्ठ,अशक्त नागरिकहरुलाई स्वास्थ्य उपचारमा हुने ल्याब,एक्सरे जस्ता कार्यलाई पूर्ण निःशुल्क हुने व्यवस्थालाइ निरन्तरता दिईनेछ ।

१४३. आत्मनिर्भरताका लागि महिला सशक्तिकरण भन्ने आदर्श वाक्यका साथ महिलाको हक कार्यान्वयनका लागि गृहणी महिला सशक्तिकरण कार्यक्रमलाई निरन्तता दिईनेछ ।

१४४. बेचबिखान तथा ओसारपसारबाट पीडित एवम् लैङ्गिक हिंसाबाट प्रभावितहरुको सुरक्षाका लागि उद्धार,राहत,मनोसामाजिक परामर्श एवम् पुनस्थापनासम्बन्धी कार्यक्रमहरु यौनिक तथा लैङ्गिक अल्पसंख्यकसमु दायको मूलप्रवाहिकरणको लागि वृति विकास तथा रोजगारमुलक कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

१४५. महिलाहरुको सर्वाङ्गीण उत्थान र सबलीकरणमा विशेष ध्यान दिईनेछ । महिलाविरुद्ध हुने हिंसा, शोषण र भेदभाव अन्त्य गरिनेछ ।

१४६. आर्थिक र सामाजिक रुपमा विपन्न महिलाहरुको आर्थिक सशक्तीकरणका लागि वित्तीय पहुँच र उद्यमशीलता विकास गरिनेछ ।

१४७. बालबालिकाको शारीरिक तथा मानसिक विकास र संरक्षण गरिनेछ । सडक बालबालिकाका लागि पारिवारिक पुनःर्मिलन, सामाजिक पुनस्थापना र वैकल्पिक हेरचाहको व्यवस्था मिलाइनेछ ।

१४८. आफ्ना लागि आफैं केही गर्न नसक्ने अवस्थामा रहेका, हेरचाह र पालन पोषण समेत गरिदिने कोही नभई जीवन नै जोखिममा रहेका सडक आश्रित सहयोगापेक्षी महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवम् मनोरोगीहरुको उद्धार एवम् मानवोचित व्यवस्थापन गराउँदै सहयोगापेक्षी सडक मानवमुक्त स्थानीय तह बनाईनेछ ।

१४९. जेष्ठ नागरिकलाई सम्मानपूर्वक जीवनयापनको प्रबन्ध गरिनेछ । जेष्ठ नागिकहरुका ज्ञान र अनुभवलाई समुदायको हितमा उपयोग गरिनेछ । जेष्ठ नागरिकमा निहित जीवनमूल्य संस्कार, परम्परागत ज्ञान तथा अनुभवलाई बालबालिका र युवा पुस्तामा हस्तान्तरण गर्न अन्तरपुस्ता सिकाइ तथा संवाद कार्यक्रम संचालन गरिनेछ ।

१५०. अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनःर्स्थापना कार्यक्रमलाई निरन्तरता दिईनेछ। सार्वजनिक पूर्वाधार र सेवाहरुलाई अपाङ्गमैत्री बनाईनेछ ।

१५१. जेष्ठ नागरिकहरुका लागि दिवा सेवा केन्द्र, निशुल्क स्वास्थ्य परीक्षण र औषधिको व्यवस्था गरिनेछ ।

१५२. अनाथ बालबालिकाहरुका लागि आवासको व्यवस्था, अपाङ्गता भएका व्यक्तिहरुलाई प्रकृतिअनुसार क्षमता विकास तालिम संचालन गरिनेछ ।

१५३. बालबालिकासँग अध्यक्ष कार्यक्रम अन्तर्गत बालबालिकालाई सुन्ने, बालसमृद्धि र सुरक्षाको कार्यक्रम सञ्चालनमा ल्याईने साथै १८ वर्षे उमेर नपुगेका बालबालिकाहरुको निःशुल्क खाता खोली रु.१(एक) दैनिक रुपमा गाउँपालिकाले बचत गरी बचत गर्ने संस्कारको विकास गर्ने कार्यक्रमको निरन्तरता दिईने छ ।

१५४. बालबालिकासँग जनप्रतिनिधि कार्यक्रम मार्फत् हरेक महिना हरेक माध्यमिक विद्यालय केन्द्रित रहेर सो क्षेत्रका विद्यार्थीहरुसँग बाल अधिकार, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको विषयमा अन्तरक्रिया कार्यक्रम गर्ने कार्यको शुरुवात गरिने छ।

१५५. पिछडिएको समुदाय, सीमान्तकृत, गरिब, असहाय र टुहुरा बालबालिकालाई अनिवार्य शिक्षाको व्यवस्थापन गरिनेछ ।

१५६. बालश्रम विरुद्ध जनचेतना अभियान सञ्चालन गरिनुका साथै बालबालिकाको हक, अधिकारका विषयमा विद्यालय स्तरमा श्रव्यदृश्य सामग्रीका माध्यमबाट जनचेतना अभिवृद्धि गरिनेछ ।

पार्वती सुनुवार
अध्यक्ष



Scanned with CamScanner

फिक्कल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

खाङसाङ, सिन्धुली

सभाका सदस्यहरुको उपस्थिति माइन्यूट

बैठक संख्याः- ३ अधिवेशनः- १९ औं

मितिः-२०८३/०३/०८ गते सोमबार बैठकको अध्यक्षताः- पार्वती सुनुवार

समयः- दिउँसो ३:०० बजे बैठक स्थानः- फिक्कल गाउँपालिका, सभाहल

उपस्थितिः

| क्र.सं. | पद | नाम | हस्तक्षर |
|---|---|---|---|
| १ | सभाध्यक्ष | पार्वती सुनुवार | पार्वतीसुनुवार |
| २ | उपाध्यक्ष | राजु बराल | [illegible] |
| ३ | गाउँसभा सदस्य | होम बहादुर सुनुवार | |
| ४ | गाउँसभा सदस्य | शंकर बहादुर भण्डारी | |
| ५ | गाउँसभा सदस्य | टेक बहादुर रजन मगर | [illegible] |
| ६ | गाउँसभा सदस्य | मोहन मगर | |
| ७ | गाउँसभा सदस्य | बैकुण्ठलाल पहाडी | [illegible] |
| ८ | गाउँसभा सदस्य | कुलेन्द्र बहादुर मगर | [illegible] |
| ९ | गाउँसभा सदस्य | लिल बहादुर सुनुवार | [illegible] |
| १० | गाउँसभा सदस्य | पूर्णमाया थापा मगर | पूर्णमाया |
| ११ | गाउँसभा सदस्य | टिकामाया विश्वकर्मा | टिका |
| १२ | गाउँसभा सदस्य | तारा विश्वकर्मा | तारा |
| १३ | गाउँसभा सदस्य | सावित्रा कुमारी थापा मगर | सावित्रा |
| १४ | गाउँसभा सदस्य | मंगलादेवी तामाङ | |
| १५ | गाउँसभा सदस्य | कविता विश्वकर्मा | कविता |
| १६ | गाउँसभा सदस्य | गुणराज विश्वकर्मा | |
| १७ | गाउँसभा सदस्य | धन बहादुर आले मगर | |
| १८ | गाउँसभा सदस्य | मिना कुमारी वि.क. | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १९ | गाउँसभा सदस्य | देव बहादुर सुनुवार | |
| २० | गाउँसभा सदस्य | राजन बहादुर लुङ्गेली | |
| २१ | गाउँसभा सदस्य | तिलमाया श्रेष्ठ | |
| २२ | गाउँसभा सदस्य | ज्ञानेन्द्र तामाङ | |
| २३ | गाउँसभा सदस्य | पदम बहादुर कटुवाल | |
| २४ | गाउँसभा सदस्य | मन कुमारी वि.क. | |
| २५ | गाउँसभा सदस्य | देवीराज काफ्ले | |
| २६ | गाउँसभा सदस्य | सीता दमाई | |
| २७ | गाउँसभा सदस्य | पूर्णमाया भुजेल | |
| २८ | गाउँसभा सदस्य | यम बहादुर सुनुवार | |
| २९ | गाउँसभा सदस्य | जगत कुमारी वि.क. | |
| ३० | गाउँसभा सदस्य | आई बहादुर राई | |
| ३१ | गाउँसभा सदस्य | नारायण सिं तामाङ्ग | |
| ३२ | सचिव | डम्बरबहादुर रजनमगर | |

Scanned with CamScanner

बैठक संख्या- ३

मिति- २०८३/०३/०८

समय- दिउँसो ३:०० बजे

## गाउँसभाको १९ औं अधिवेशन ( वर्षे अधिवेशनको) कार्यसूची

| क्र.स. | समय | कार्यसूची | कार्यसूची प्रस्तुत कर्ता | कैफियत |
|---|---|---|---|---|
| १ | दिउँसो ३:०० बजे | अधिवेशन आह्वान गरेको वाचन पत्र | सभाका अध्यक्ष श्री पार्वती सुनुवार | |
| २ | | आगामी आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम पारित | सभाका अध्यक्ष श्री पार्वती सुनुवार | |
| ३ | | आ.व. २०७७/०७८, २०७८/०७९ र २०८१/०८२ को बेरुजु सम्परीक्षण प्रस्ताव पारित | सभाका अध्यक्ष श्री पार्वती सुनुवार | |
| ४ | | आगामी आ.व. २०८३/०८४ को बजेट वक्तव्य सभामा प्रस्तुत | सभाका सदस्य श्री राजु बराल | |
| ५ | | विषयगत समितिको प्रतिवेदन र प्रस्ताव प्रस्तुत | श्री समिति संयोजकहरु............ | |
| ६ | | विनियोजन विधेयक, २०८३ र आर्थिक विधेयक, २०८३ प्रस्तुत | सभाका सदस्य श्री राजु बराल | |
| ७ | | बजेट, विनियोजन विधेयक र आर्थिक विधेयक उपर छलफल | सभाका सदस्यहरु.............. | |

..................................

डम्बरबहादुर रजनमगर

सदस्य सचिव

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५( संशोधन २०७७ सहित) को दफा २२ को उपदफा (१ ) बमोजिम मिति २०८३/०३/०८ गते बसेको फिक्कल गाउँपालिकाको गाउँ सभाको १९ अधिवेशनको तेस्रो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।

पार्वती सुनुवार

अध्यक्ष

फिक्कल गाउँपालिका

पार्वती सुनुवार
